का.जि.प्र.का.द.नं. १००/०७२/७०

२९ पुस २०८१,
सोमबार
13 January, 2025
Monday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २२, अंक ३२५ । पृष्ठ १०
Madhyanha National Daily
www.madhyanhadaily.com

# महाधिवेशन लम्ब्याउने बहानामा ठूला दल



दिवाकर अधिकारी/मध्यान्ह
काठमाडौं, २८ पुस ।

नेपाली कांग्रेस, नेकपा एमाले र नेकपा (माओवादी केन्द्र) साना पार्टीसँग एकताको प्रयासमा छन् । नेताहरूका अनुसार एकताको प्रयास गर्नुको कारण हो- पार्टीको महाधिवेशन लम्ब्याउने बहाना ।

कांग्रेस नेता डा. शशांक कोइराला सभापति शेरबहादुर देउवाले २०८४ सालको आमनिर्वाचनपछि मात्र पार्टीको महाधिवेशन गर्न चाहेको बताउँछन् । यसका लागि आवश्यक संवैधानिक र कानुनी प्रावधान मिलाउन र ४ वर्षमै गर्नुपर्ने महाधिवेशन लम्ब्याउन कुनै एउटा सानो पार्टीसँग एकताको प्रयासमा छन् ।

आइतबार दाङको घोराहीमा आयोजित पार्टीका जिल्ला, क्षेत्र, नगर, पालिका, वडाका अगुवा कार्यकर्ताहरूसँगको भेटमा कोइरालाले यस्तो बताएका हुन् ।

उनी भन्छन्, 'पार्टीको महाधिवेशन सभापति शेरबहादुर देउवाले आफू चुनावी सरकारको नेतृत्व गर्दै प्रधानमन्त्री बनेपछि मात्र गराउनुहुन्छ । यसो गर्दा २०८४ सालपछि मात्र कांग्रेसको महाधिवेशन हुन्छ ।'

समयमै पार्टीको महाधिवेशन नभएर लम्बिएको खण्डमा आमनिर्वाचनको मुखमा महाधिवेशन गर्दा निर्वाचनमा तिक्तता पैदा भई पार्टीले निर्वाचनमा क्षति बेहोर्ने भएकाले पनि लम्ब्याउन आवश्यक रहेको नेतृत्वको बुझाइ रहेको उनले बताए । तर, संवैधानिक र कानुनी प्रश्न नउठोस् भनेर अर्को सानो पार्टीसँग एकता गर्ने बहानामा नेतृत्व रहेको उनले सुनाए ।

उनी थप्छन्, 'सभापति शेरबहादुर देउवाजीले कुनै पार्टीसँग मिलाएर (एकता गरेर) महाधिवेशन धकेल्न सक्नहुन्छ ।'

प्रमुख प्रतिपक्षी दल नेकपा (माओवादी केन्द्र) पनि महाधिवेशन लम्ब्याउन साना पार्टीसँग एकताको बहानामा छ । यही २१, २२ र २३ पुसमा बसेको केन्द्रीय समितिको >>> पृष्ठ २ मा



"सभापति शेरबहादुर देउवाजीले कुनै पार्टीसँग मिलाएर (एकता गरेर) महाधिवेशन धकेल्न सक्नहुन्छ

● **डा. शशांक कोइराला**
पूर्वमहामन्त्री, नेपाली कांग्रेस

स्तन क्यान्सरका लक्षणहरु
- स्तन वा काखी मनि नदुख्ने वा गाँठो देखिन,
- स्तनको छालामा निको नहुने घाउ आउनु,
- स्तनको आकारमा परिवर्तन हुनु,
- स्तनको छाला सुन्तलाको बोक्राजस्तो हुनु,
- स्तनको मुन्टाभित्र तर्फ जानु,
- स्तनको मुन्टाबाट रगत वा पीप बग्नु,
- स्तन दुख्नु वा सुन्निनु,

*यस्ता कुनै पनि लक्षण देखिए तुरुन्तै चिकित्सकसँग परामर्श गरौं ।*

नेपाल सरकार
विज्ञापन बोर्ड

# जनसंख्याको आधारमा आरक्षण माग

संवैधानिक आयोगहरूले नै जाति, वर्ग र क्षेत्रको जनसंख्याको आधारमा स्थायी सत्ताको रुपमा मानिने निजामती सेवामा आरक्षणको प्रस्ताव गरेका हुन्

जानकी पाठक/मध्यान्ह
काठमाडौं, २८ पुस ।

आरक्षणलाई समयाअनुकूल परिमार्जन गर्नुपर्ने माग सम्बन्धित क्षेत्रले गर्न थालेको छ ।



आन्दोलन गरेपछि अलिकति अधिकार दिएजस्तो गर्ने प्रवृत्ति छ । महिलालाई माता भन्ने, आदिवासी जनजातिलाई धर्तीपुत्र भन्ने तर राज्यमा प्रतिनिधित्व नदिने प्रवृत्ति छ । यसलाई तोड्नुपर्छ

■ **रामबहादुर थापा मगर**
**अध्यक्ष**
**आदिवासी जनजाति आयोग**



निजामती सेवामा आरक्षण २०७८ सालको जनसंख्याको आधारमा सुनिश्चित गरिनुपर्छ

■ **जीवछ साह**
**कार्यबाहक अध्यक्ष**
**मधेसी आयोग**

एकथरिले योग्यता र क्षमताको आधारमा अवसर दिइनुपर्ने बताइरहेका छन् भने अर्काथरिले राज्य सत्तामा सबैको पहुँच समान नभइसकेको भनेर जनसंख्याको आधारमा आरक्षण माग गरिरहेका छन् ।

जनसंख्याको आधारमा आरक्षण माग गर्नेहरूमा संवैधानिक आयोगहरू नै छन् । आइतबार संसद्को राज्य व्यवस्था तथा सुशासन समितिको बैठकमा सहभागी विभिन्न आयोगका पदाधिकारीहरूले संघीय निजामती सेवामा जनसंख्याको आधारमा आरक्षण खोजेका हुन् ।

राज्य व्यवस्था समितिमा संघीय निजामती सेवा विधेयकमाथि दफावार छलफलमा छ । आइतबार समितिले विधेयकका सम्बन्धमा विभिन्न संवैधानिक आयोगका प्रतिनिधिहरूलाई छलफलमा बोलाएको हो । छलफलमा भाग लिँदै आदिवासी जनजाति आयोगका अध्यक्ष रामबहादुर थापा मगरले जनसंख्याको आधारमा आरक्षण आवश्यक रहेको बताए ।

अध्यक्ष मगरले भनेका छन्, 'आन्दोलन गरेपछि अलिकति दिएजस्तो गर्ने प्रवृत्ति छ । महिलालाई माता भन्ने, आदिवासी जनजातिलाई धर्ती पुत्र भन्ने तर राज्यमा प्रतिनिधित्व नदिने प्रवृत्ति छ । यसलाई तोड्नुपर्छ ।'

मधेसी आयोगले पनि जनसंख्याकै आधारमा प्रतिनिधित्व सुनिश्चित गर्न भनेको छ । निजामती सेवामा समावेश गर्नुपर्ने विषयलाई २३ बुँदामा समेटेर राज्य व्यवस्था समितिलाई बुझाउँदै आयोगले यस्तो माग गरेको हो ।

आयोगका कार्यबाहक अध्यक्ष जीवछ साह भन्छन्, ' निजामती सेवामा आरक्षण २०७८ सालको जनसंख्याको आधारमा सुनिश्चित गरिनुपर्छ ।' आरक्षणभित्र पनि आरक्षण राख्नुपर्ने उनको प्रस्ताव छ । उनी भन्छन्, 'महिलाको आरक्षणमा पनि मधेसी महिला आरक्षण हुनुपर्छ ।'

राष्ट्रिय दलित आयोगका अध्यक्ष देवराज विश्वकर्मा निजामती सेवामा >>> पृष्ठ २ मा

# विपद्को ४ महिनापछि पुनर्निर्माण नीति

गएको असोज दोस्रो साता परेको अविरल वर्षापछि आएको बाढी-पहिरोबाट देशका विभिन्न ठाउँमा साढे १० अर्ब रुपैयाँभन्दा बढी क्षति भएको अनुमान गरिएको थियो । कठांग्रिँदो चिसोमा विपद् प्रभावित छन्

अस्मिता बम/मध्यान्ह
काठमाडौं, २८ पुस ।

यस वर्षको मनसुनजन्य वर्षा र त्यसका कारण गएको बाढी- पहिरोलगायतको विपद्ले नागरिकलाई दुःख दिएको ४ महिना भयो ।

गएको असोज दोस्रो साता परेको अविरल वर्षापछि आएको बाढी-पहिरोबाट देशका विभिन्न ठाउँमा साढे १० अर्ब रुपैयाँभन्दा बढी क्षति भएको अनुमान गरिएको थियो । कठ्यांग्रिँदो चिसोमा विपद् प्रभावित छन् । सरकार विपद् प्रभावित क्षेत्रमा पुग्न नसकेको भनेर आलोचना भइरहेको छ । आलोचना भएपछि सरकार पुनर्निर्माण नीति बनाउन लागिपरेको छ । यसका लागि हालै पुनर्निर्माण तथा पुनर्स्थापना योजना स्वीकृत भएको छ ।

विपद् जोखिम न्यूनीकरण तथा



व्यवस्थापन राष्ट्रिय परिषद्को १६औं बैठकले २०८१ सालको मनसुनजन्य विपद्पश्चात्को पुनर्निर्माण तथा पुनर्स्थापनाका लागि योजना स्वीकृत गरेको छ ।

प्रधानमन्त्री एवं परिषद्का अध्यक्ष केपी शर्मा ओलीको अध्यक्षतामा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा भएको बैठकले क्षतिको विस्तृत यथार्थ मूल्यांकन गर्ने भनेको छ । विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको बैठकको निर्णयको सिफारिसबमोजिम क्रियाकलापसहितको पुनर्निर्माण तथा पुनर्स्थापना योजना स्वीकृत गरिएको जनाइएको छ ।

योजना स्वीकृतिसँगै आगामी २ माघदेखि लाभग्राहीसँग सम्झौता प्रक्रिया प्रारम्भ गरी पुनर्निर्माण थालनी हुने निश्चित भएको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले जनाएको छ । क्षतिको विस्तृत आँकलन (डीडीए) नभएका क्षेत्रमा २ माघेदेखि नै डीडीएको प्रक्रिया प्रारम्भ गर्ने निर्णय भएको छ । बैठकले योजनाबमोजिमका क्रियाकलापको कार्यान्वयनका लागि स्रोत व्यवस्थापन गर्न अर्थ मन्त्रालयलाई सम्बन्धित >>> पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# घर फिर्तीको अनर्गल प्रचार

## ठगीबाट जोगिन मलेसियाली अध्यागमनद्वारा सचेत

तिलोचन गौतम/मध्यान्ह
क्वालालम्पुर, मलेसिया, २८ पुस ।

मलेसिया सरकारले अवैधानिक आप्रवासीको घर फिर्तीको कुनै कार्यक्रम संचालनमा नरहेको बताएको छ । मलेसियामा सरकारबाहिर रहेका दलहरूले हाल पनि घर फिर्ती कार्यक्रम जारी रहेको सामाजिक संजालमार्फत प्रचारप्रसार गरेपछि मलेसियाको गृह मन्त्रालयले विज्ञप्तिमार्फत घर फिर्ती कार्यक्रम संचालन नभएको स्पष्ट पारेको हो ।

मलेसियाली अध्यागमन विभागले एक विज्ञप्ति जारी गर्दै पछिल्ला केही दिनयता सामाजिक संजालहरूमा आर. टी. के. ३.० खुल्नेबारे केही अराजक व्यक्तिहरूले गलत सूचना, अफवाह फैलाइरहेकाप्रति ध्यानाकर्षणसमेत भएको बताउँदै त्यस्ता व्यक्तिहरूलाई पक्राउ गरेर कारबाही गरिनेसमेत जनाएको हो ।

मलेसियाली अध्यागमन विभागका प्रमुख निर्देशक दातोकश्री जाकारिया बिन साबानले विभागले सामाजिक संजालमा भाइरल भइरहेको आर. टी. के. ३.० खुल्नेबारे खबर झुटो भएको प्रस्ट पार्दै त्यस्तो अफवाह अथवा कुनै अनि एजेन्टको पछि नलाग्न अनुरोध गरेका छन् ।

निर्देशक साबानले स्मरण गराउदै भने, 'आर. टी. के. २.० सन् २०२३ जुन महिनाको २७ तारिखदेखि सुरु भएर सन् २०२४ को जुन ३० तारिखसम्म चलेको थियो र सो अवधि अहिले पूर्ण रूपमा समाप्त भइसकेको छ । अहिले अथवा भविष्यमा पनि आर. टी. के. ३.० कार्यक्रम खुल्नेबारे निर्णय अध्यागमनले गरेको छैन ।' यसबारे मलेसियामा कार्यरत कोही कसैलाई पनि भ्रममा नपर्न र ठगीबाट बच्न निर्देशक साबानले अनुरोध गरेका छन् ।

साथै, अध्यागमनसम्बन्धी आवश्यक थप जानकारीका लागि मलेसियाली अध्यागमन विभागको बेवसाइट अथवा नम्बरमा सम्पर्क गरेर जानकारी लिन सकिने विभागले आग्रह >>> पृष्ठ २ मा

## मलेसियामा माघी मनाइँदै

**मलेसिया/मस-** थारू समुदायको सबैभन्दा ठूलो पर्व माघी स्वदेशमा मात्र नभएर विदेशमा पनि धुमधामले मनाउन थालिएको छ । वैदेशिक रोजगारीका लागि मलेसियामा रहेका थारू समुदायका युवायुवतीले युवा तथा खेलकुदमन्त्री तेजुलाल चौधरीलाई प्रमुख आतिथि बनाएर विशेष रूपमा माघी मनाउने तयारी गरेका छन् ।

नेपाली दूतावास मलेसियाको विशेष आतिथ्य रहने कार्यक्रमको मूल नारा 'हम्मन संस्कृति-हमनके सान, थारू संस्कृति प्रवर्द्धन काइना हम्मन के अभियान' तय गरिएको छ ।

थारू कल्याणकारिणी सभा मलेसियाको नवौं वार्षिकोत्सव पनि सोही अवसर पारेर १९ जनवरी आइतबार माघे संक्रान्ति विशेष शुभकामना आदानप्रदान कार्यक्रम राखिएको >>> पृष्ठ २ मा

VACANCY ANNOUNCEMENT
A leading foreign recruitment agency is seeking the following position urgently.
SALARY - No Bar for Deserving candidates
PRO Required - 5 Male/ Female
Qualification: - More than 5 years of Experience in Manpower Field
9823486681 | 9819779867 hr@mobhiraservices.com
Mobhira Recruitment Consultancy services (P.) Ltd.
श्रम इजाजत नं. १४६९/०७४/०७५
चक्रपथ, काठमाडौं, नेपाल, फोन: ०१-४३७८८४२, ४३७८९३६

मध्यान्ह
www.madhyanhadaily.com
२९ पुस २०८१ सोमबार
13 January 2025, Monday

# एकै पटक १३ सचिवको सरुवा

**काठमाडौं/मस–** सरकारले एकै पटक १३ सचिवको सरुवा गरेको छ। शुक्रबार राति बसेको मन्त्रिपरिषद् बैठकले १३ सचिवको सरुवा गरेको हो।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा कार्यरत सचिव कृष्णहरी पुस्करलाई श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको सचिवमा सरुवा गरिएको छ भने मन्त्रालयका सचिव मुकुन्दप्रसाद निरौलाको सार्वजनिक खरिद अनुगमन कार्यालयकमा सरुवा भएको छ।

महालेखा नियन्त्रणको कार्यालयमा कार्यरत सचिव बिनोदप्रकाश सिंहको संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा सरुवा भएको छ भने मन्त्रालयका सचिव गणेशप्रसाद पाण्डेको सिंह कार्यरत रहेको कार्यालयमा सरुवा भएको छ।

उपराष्ट्रपति कार्यालयमा कार्यरत लक्ष्मीकुमारी बस्नेतको महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयमा सरुवा भएको छ भने उक्त मन्त्रालयका सचिव दिनेश भट्टराईको उपराष्ट्रपति कार्यालयमा सरुवा भएको छ।

यस्तै निर्वाचन आयोगमा कार्यरत सचिव रबिलाल पन्थको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा सरुवा भएको छ भने मन्त्रालयका सचिव भरतमणी सुवेदीको आयोगमा सरुवा भएको छ।

युवा तथा खेलकुद मन्त्रालयका सचिव सुमनराज अर्यालको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सरुवा भएको छ। बागमती प्रदेश सरकारका प्रमुख सचिव डा.हरिप्रसाद लम्साललाई मन्त्रालयको सचिवको जिम्मेवारी दिइएको छ।



यस्तै कर्णाली प्रदेश सरकारको प्रमुख सचिव चुणामणी शर्मा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सरुवा भएका छन् भने मधेश प्रदेशका प्रमुख सचिव लोकनाथ पौडेलको कर्णाली प्रदेश प्रमुख सचिवमा सरुवा भएका छन्।

यस्तै लुम्बिनी प्रदेश सरकारका प्रमुख सचिव महादेव पन्थको बागमती प्रदेश सरकारको प्रमुख सचिवमा सरुवा भएका छन् भने सहसचिव बाबुराम अधिकारीलाई लुम्बिनी प्रदेश सरकारको कायममुकायम (कामू) प्रमुख सचिवको जिम्मेवारी दिइएको छ।

यस्तै मदन भुजेललाई मधेश प्रदेश सरकारको कामू प्रमुख सचिवको जिम्मेवारी दिइएको छ।

सहसचिव अधिकारी र भुजेल अब सचिव बढुवाको लाइनमा रहेका छन्।

कामू प्रमुख सचिवको जिम्मेवारी पाएका सहसचिव अधिकारी उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा द्विपक्षीय क्षेत्रिय व्यापार महाशाखा एवम मन्त्रालयको प्रवक्ताको जिम्मेवारीमा छन्। भुजेल कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा प्रशासन महाशाखा प्रमुखको जिम्मेवारीमा छन्।

**कडायत र केसी एआईजीमा बढुवा**

नेपाल प्रहरीका दुईजना नायब महानिरीक्षक (डीआइजी) प्रहरी अतिरिक्त महानिरीक्षक (एआईजी) मा बढुवा भएका छन्।

प्रधानमन्त्री निवास बालुवाटारमा शुक्रबार साँझ बसेको मन्त्रिपरिषद् बैठकले डीआईजी कुवेर कडायत र रवीन्द्र केसीलाई एआईजी बढुवा गर्ने निर्णय गरेको हो।

गत १७ पुसमा उनीहरूलाई बढुवा सिफारिस समितिले एआईजीका लागि सिफारिस गरेको थियो।

काठमाडौं उपत्यका प्रहरी कार्यालय प्रमुख किरण बज्राचार्य र प्रदेश समन्वय विभाग प्रमुख भरतबहादुर बोहरा अवकाश भएपछि रिक्त पदमा उनीहरूलाई बढुवा गरेको हो।

कडायत प्रहरी प्रधान कार्यालयमा कार्यरत थिए भने केसी प्रहरी प्रधान कार्यालयको अन्वेषण योजना तथा विकास निर्देशनालयमा कार्यरत थिए।

यसैबीच नेपाल प्रहरीका पाँच जना बरिष्ठ उपरीक्षक (एसएसपी) नायब महानिरीक्षक (डीआईजी) मा बढुवा भएका छन्।

मन्त्रिपरिषद् बैठकले रिक्त ५ पदमा डीआईजी बढुवा गरेको हो। ईश्वर कार्की, राजेन्द्र प्रसाद भट्ट, दिनेश कुमार आचार्य, अरुण पौडेल, गोविन्द थपलियाको बढुवा भएको हो। ४ जना डीआईको बढुवा र एक जना अनिवार्य अवकाशमा गएपछि रिक्त पदमा उनीहरूको बढुवा भएको हो।

# बालेनले मागे अधिकार दिन सक्ने प्रदेश सरकार

**काठमाडौं/मस–**काठमाडौं महानगरपालिकाका प्रमुख बालेन शाहले स्थानीय तहलाई बलियो बनाउन अधिकार दिन सक्ने प्रदेश सरकार चाहिएको बताएका छन्। आइतबार बागमती प्रदेश मुख्यमन्त्री तथा मन्त्री परिषद्को कार्यालयका प्रमुख सचिव डा.हरिप्रसाद लम्सालसँगका भेटमा उनले यस्तो बताएका हुन्।

'आफूले संघबाट अधिकार लिन सक्ने र स्थानीय तहलाई बलियो बनाउन अधिकार दिन सक्ने प्रदेश सरकार चाहिएको हो। अहिले यो अवस्थाको आभाष हुन सकेन,' उनले भने, 'स्थानीय सरकारका समस्या संघ सरकारसँगै भन्नु पर्ने भए प्रदेश सरकार किन चाहियो ? सुकुम्बासीको समस्या आउँदा पनि संघ सरकार सक्रिय छ। नदी प्रणालीको सुधार तथा पुनःस्थापनाका विषयमा पनि संघ सरकारकै चासो देखिन्छ। यस्ता विषयमा प्रदेश सरकार नदेखिने ठाउँमा भएपछि यसको के अस्तित्व रहन्छ ? स्थानीय तहले गर्ने काममा त प्रदेश सरकारले अभिभावकीय भूमिका निर्वाह गर्नुपर्ने हो। त्यसो हुन सकेन।'

प्रदेश सरकारको भूमिकाका विषयमा कुरा गर्दै प्रमुख शाहले भने, 'प्रदेश सरकार अभिभावक भएर स्थानीय तहलाई सक्षम बनाउन लाग्नुपर्नेमा संघीय राजधानी शहरी क्षेत्र सार्वजनिक यातायात प्राधिकरणको सक्रियताका विषयमा मुद्दा दायर गरेर बसेको छ। उनले प्रदेश सरकारबाट उदार दृष्टिकोणको अपेक्षा गरे।



चालु आर्थिक वर्षका लागि मनोरञ्जन करमा प्रदेश सरकारले कायम गरेको दररेटका कारण महानगरपालिकाको राजस्व संकलन घटेको उल्लेख गर्दै प्रमुख शाहले हिउँदे अधिवेशनमा आर्थिक ऐन संशोधनमा लगेर गत आर्थिक वर्षको दरलाई निरन्तरता दिने प्रक्रिया अगाडि बढाउन आग्रह गरे।

'प्रदेश सरकारले सञ्चालन गर्ने टुक्रे योजनाले पूर्वाधार विकास कहिले पनि नसकिने अवस्थामा छन्। हामीले चाहेको विकासको ढाँचा यो होइन,' छलफलका क्रममा उपप्रमुख सुनिता डंगोलले भनिन्, 'ब्याडमिन्टन कोर्ट बनाउने योजना छ। एक वर्षमा जमिन सम्याउने, अर्को वर्षमा पर्खाल लगाउने, तेस्रो वर्षमा कोर्ट बनाउने अहिलेको विकास पद्धति हो। यदि योजना सञ्चालन गर्ने हो भने एकै पटक योजना पूरा गर्ने गरी बजेटको व्यवस्था गर्नुपर्छ। यसो हुन नसक्ने हो भने योजना कार्यान्वयनमा ल्याउन सकिँदैन।'

छलफलका क्रममा प्रमुख सचिव डा.लम्सालले, प्रदेश र स्थानीय सरकारका बिचमा राजनीतिक र प्रशासनिक संवाद हुन नसकेका कारण अहिलेको अवस्था सिर्जना भएको उल्लेख गरे। उनले थप्दै भने, 'प्रशासनिक विषय व्यवस्थापन गर्न प्रयत्न गर्छु। राजनीतिक संवादका लागि वातावरण मिलाउँछु।'

छलफलमा राजस्व संकलन, राजस्व बाँटफाँट, कर्मचारी व्यवस्थापन, संविधानले अधिकार दिएको नगर प्रहरी सम्बन्धी व्यवस्था स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐनले नसमेटेकोले महानगरपालिकाले जारी गरेको ऐन कार्यान्वयनलगायत विषयमा कुराकानी भएको थियो।

चालु आर्थिक वर्षका लागि प्रदेश सरकारले आर्थिक ऐनमा संशोधन गरेर स्थानीय सरकारले प्राप्त गरिरहेको मनोरञ्जन शीर्षकबाट प्राप्त हुने राजस्व दर घटाएको छ। यसबाट क्यासिनो, स्काइ वक र मेला महोत्सवमा लिइने शुल्कमा राजस्व घटेको हो। गएको वर्ष महानगरपालिकाले आकाशे शिशाको पुलबाट लिएको ५ प्रतिशत शुल्कबाट वार्षिक २३ लाख ८६ हजार रुपैयाँ राजस्व प्राप्त गरेको थियो। यस वर्षको ऐनमा वार्षिक ५० हजार रुपैयाँ तोकिएपछि सोझै २३ लाख ३० हजार रुपैयाँ राजस्व घटेको छ।

पहिले मेला महोत्सव, कन्सर्ट, जादु सर्कसमा प्रवेशको ५ प्रतिशत कर थियो। अहिले महानगरपालिकाभित्र प्रतिदिन १५ हजार रुपैयाँ तोकेको छ। बैठकमा अधिकारीहरुले भन्नुभयो, 'विदेशी चलचित्र प्रदर्शन गर्न ३८ प्रतिशतसम्म कर लगाएको अन्तर राष्ट्रिय अभ्यासबाट हेर्न सकिन्छ। क्यासिनोको हकमा महालेखापरीक्षकको कार्यालयले काठमाडौं महानगरपालिकाले क्यासिनोबाट उठाउन बाँकी रकम भनेर बेरुजु लेखिदिएको थियो। यस्तो रकम असुल गर्न सहयोग गर्नु पर्नेमा उल्टै दर नै घटाइदिएपछि महानगरपालिकाले राजस्वमा ठूलो अन्तरले गिरावट आएको छ। यसरी मनोरञ्जनका सबै क्षेत्रहरुमा राजस्व घटेपछि महानगरपालिकाले चलचित्र, कला तथा सिर्जनाको प्रोत्साहन तथा प्रवर्धनमा कार्यक्रममा बजेट राख्न पाएन। महानगरपालिकाले स्वदेशी चलचित्र प्रदर्शनमा शुल्कमा कम शुल्क र विदेशी चलचित्र प्रदर्शनमा धेरै शुल्क लिन सकिने बताएको छ।

## महाधिवेशन...

बैठकमा विशेष महाधिवेशनको माग उठेको थियो। त्यसलाई सम्बोधन गर्दै माओवादी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले अर्को असारमा केन्द्रीय समितिको बैठक बसेर महाधिवेशनको तालिका नै तोक्ने घोषणा गरे।

उक्त घोषणाका क्रममा प्रचण्डले वैज्ञानिक समाजवाद मान्ने पार्टीहरूसँग एकता गर्न संवाद समिति बनाउने प्रस्ताव गरे, जसलाई केन्द्रीय समितिले स्वीकार गरेको छ।

माओवादी नेताहरूका अनुसार माधव नेपाल नेतृत्वको नेकपा (एकीकृत समाजवादी)सहितका राजनीतिक दलहरूसँग एकताको पहल गर्ने निर्णय भएको हो, जसभित्र नेत्रविक्रम चन्द नेतृत्वको नेकपा, नेकपा बहुमत र प्रभु साह नेतृत्वको आमजनता पार्टी समेत पर्छन्।

यो पृष्ठभूमि राख्दै प्रचण्डले अबको महाधिवेशन एकताको महाधिवेशन हुन सक्ने पनि बताएका छन्। उनले भनेका छन्, 'क्रान्तिकारी कम्युनिस्टबीचको एकतापछि एकताको महाधिवेशन हुन पनि सक्छ।'

अर्थात्, माओवादी केन्द्र पनि महाधिवेशन लम्ब्याउने बहाना खोज्दै छ भन्ने प्रचण्ड स्वयंको अभिव्यक्तिले पनि देखाएको नेताहरू बताउँछन्।

सरकारको नेतृत्वकर्ता दल नेकपा एमालेले पनि महाधिवेशन लम्ब्याउन खोजिरहेको छ। आगामी २०८४ सालको निर्वाचनमा महाधिवेशन गरेर जाँदा त्यसको नकारात्मक असरसमेत पर्न सक्ने आशंकामा एमाले नेताहरू आमनिर्वाचनपछि मात्र महाधिवेशनको पक्षमा पार्टीको मूल नेतृत्व रहेको बताउँछन्।

एमाले अध्यक्ष ओली स्वयं पनि महाधिवेशन लम्ब्याउन चाहन्छन्। ७० वर्ष उमेर हदका कारण ओली पुनः अध्यक्ष उठ्न पाउँदैनन्। साना पार्टीसँग एकता गरे अर्को कार्यकालसम्म ओली नेतृत्वमा निरन्तर अगाडि जान सक्छन्।

एमाले नेताहरू जनता समाजवादी पार्टी नेपाल फुटेर बनेको जनता समाजवादी पार्टीसँग एकताको प्रयासमा छन्। अशोक राई नेतृत्वको जसपा सरकारमा सहभागीसमेत छ।

## विपद्का...

मन्त्रालय, प्रदेश र स्थानीय तहले आग्रह गर्ने र मन्त्रालयले सम्बन्धित निकायलाई यथाशीघ्र निकासा दिनेगरी प्रबन्ध गर्न निर्देश पनि गरेको छ।

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय प्राधिकरणले पुनर्निर्माण र पुनर्स्थापनाका लागि अग्रसरता लिने छ। सडक तथा यातायात, सरकारी भवन तथा शहरी पूर्वाधार, विद्युत्, वैकल्पिक ऊर्जा र सिँचाइ, निजी आवास, शैक्षिक संरचना, स्वास्थ्य संरचना, खानेपानी सरसफाइ तथा स्वच्छता र पुरातात्त्विक संरचनालाई प्राथमिकता दिइने छ।

स्रोत परिचालनका लागि अर्थ मन्त्रालयले आन्तरिक वा बाह्य स्रोत परिचालन गर्न अर्थ मन्त्रालयले अग्रसरता लिने छ। पुनर्निर्माण र पुनर्स्थापनाका लागि प्राधिकरणको समन्वयमा साझेदार संस्थाको सहकार्यमा कार्यक्रम संचालन गर्ने निर्णय पनि भएको छ।

प्रधानमन्त्री ओलीले पुनर्निर्माण र पुनर्स्थापनाको प्राथमिकता र स्रोतको उपलब्धताका आधारमा विलम्ब नगरी क्षतिको विस्तृत यथार्थ मूल्यांकन गरेर दोहोरोपन नहुनेगरी पुनर्निर्माण कार्यारम्भ गर्न निर्देश गरेका छन्।

## जनसंख्याको...

दलितको प्रतिनिधित्व पनि अपेक्षित नरहेको बताउँछन्। निजामती सेवा देशको समावेशी तस्बिर झल्काउने ठाउँ रहेको उल्लेख गर्दै उनले देशभित्र रहेका सबैले अपनत्व लिन सक्नेगरी ऐन बनाइनुपर्ने सुझाए।

'कन्चनपुरको व्यक्ति विराटनगर नपुग्दासम्म राज्यले विशेष व्यवस्था गर्नुपर्छ', विश्वकर्माले सांकेतिक रूपमा भने। हाल निजामती सेवामा रहेको दलितको प्रतिनिधित्व संतोषजनक नरहेको बताए।

'२०६४ सालमा १ प्रतिशत प्रतिनिधित्व थियो, अहिले २ प्रतिशत पुगेको छ। १६ वर्षको उपलब्धि यत्ति हो ?', विश्वकर्माले प्रश्न गरे।

नेपालमा आर्थिक वर्ष २०६३/०६४ देखि सरकारी समावेशी पदपूर्ति सुरु भएको थियो। त्यसयता समावेशी आरक्षण कोटातर्फबाट निजामती सेवामा प्रतिनिधित्व गराउन थालिएको छ।

## मलेसियामा...

गरेको छ। मलेसियाले विदेशी कामदारको नयाँ भर्नाका बारेमा ताजा निर्णय लिनुअघि अवैधानिक अवस्थामा रहेका विदेशी कामदारको वैधानिकीकरणको कामलाई टुंगोमा पुऱ्याउने बताएको छ। रिक्यालिब्रेसन कार्यक्रम २.० कार्यक्रमअन्तर्गत हालसम्म ११ लाख विदेशी कामदारहरू अनलाइन दर्ता गरेको बताएको छ।

## मलेसियामा माघी ...

संस्थापक तथा संरक्षक घनश्याम चौधरी 'आरएन थारू'ले जानकारी दिए।

नेपाली दूतावाससँगै रहेको भवनमा आयोजना हुने माघी कार्यक्रममा निःशुल्क प्रवेशसहित थारू परिकार घोंगी, बगिया, भुजाको लड्डु, फ्राई माछासहित खानाको बन्दोबस्त गरिएको चौधरीले बताए।

पूर्व झापादेखि पश्चिम कैलालीसम्मको तराई क्षेत्रमा बसोबास गर्दै आएको थारू समुदायका बस्तीमा यतिबेला माघी पर्वको तयारीले छपक्कै छोपेको छ।

विदेशमा खासगरी मलेसिया, यू. ए. ई., कतार, अस्ट्रेलिया, अमेरिकालगायत मुलुकमा बसोबास गर्ने थारूहरूले माघी पर्वलाई भव्य रूपमा मनाउने गरेका छन्। माघीमा बंगुरको मासु, माछा, घोंगी, गंगटालगायत खानाका परिकार खाने चलन रहिआएको छ। वैदेशिक रोजगारीका लागि विदेशिएका कतिपय युवायुवती माघी पर्व मनाउनकै लागि घर फर्केका छन्।

# अन्तर्राष्ट्रिय नेपाली समाज कतारको अध्यक्षमा राजाराम शाही



**काठमाडौं/मस–** अन्तर्राष्ट्रिय नेपाली समाज कतारको चौथो अधिवेशन संघीय परिषद् सदस्य बुधवल गुरुङको प्रमुख आतिथ्यतामा सम्पन्न भएको छ।

नेता बाबुराम भट्टराईले नेतृत्व गरेको नेपाल समाजवादी पार्टीको कतारस्थित भ्रातृ संगठन अन्तर्राष्ट्रिय नेपाली समाज कतारको चौथो अधिवेशनकोबाट गोरखा सतिपिपल घर भइ हाल कतारमा व्यावसाय गर्दै आएका राजाराम शाही आगामी कार्यकालका लागि अध्यक्षमा निर्वाचित भएका छन्।

पार्टीको संघीय परिषद् सदस्यसमेत रहेका प्रमुख अतिथि गुरुङको रोहबरमा भएको बन्दसत्रले वरिष्ठ उपाध्यक्षमा ध्रुव क्षेत्री, उपाध्यक्षमा रामजी सुवेदी, पुष्पराज भण्डारी, सरोज कुमार महतो, रामचन्द्र गिरी, महिला उपाध्यक्षमा ललिता बोहरा, महासचिवमा नवीन निरौला, सचिवमा नर बहादुर गुरुङ, रुद्र बहादुर कटुवाल, लोकेन्द्र बहादुर कार्की, कोषाध्यक्षमा खड्गबहादुर बुढा र सहकोषाध्यक्षमा प्रेम कुमार गुरुङलाई पदाधिकारीमा निर्वाचित गरेको हो।

संगठनले कार्यसमिति सदस्यहरुमा विष्णुहरि मरिहट्टा, कृष्ण प्रसाद देवकोटा, विष्णु बि.क, खगेन्द्र कुमार मगर, उत्तम भित्रिकोटी, पूर्णबहादुर गुरुङ, ढकेन्द्र कार्की, अमित वि.क, बसिर रैन, सूर्यबहादुर गुरुङ, श्रवण महतो गरी ११ जनालाई राष्ट्रिय सदस्यमा चयन गरेको छ।

दोहाको वेलफेयर रेष्टुरेन्टको सभाहलमा सम्पन्न अधिवेशनमा भट्टराई समर्थक, आस्थावानलगायत कतारमा स्थापित विभिन्न वैचारिक संगठन, विभिन्न सामाजिक संघसंस्थाका प्रमुख तथा प्रतिनिधिहरुको उपस्तिथि रहेको थियो।

# रास्कोट नगरपालिकाको हिउँदे अधिवेशन सम्पन्न

**कमल कुमाल/मध्यान्ह**
कालीकोट, २८ पुस

कालीकोटको रास्कोट नगरपालिकाको १५औं हिउँदे अधिवेशन सम्पन्न भएको छ। 'हामी बनाउँछौं हाम्रो नगर' भन्ने मूल नाराका साथ नगरपालिकाको हिउँदे अधिवेशन शनिबार सम्पन्न भएको हो।




अधिवेशनलाई सम्बोधन गर्दै नगरप्रमुख धर्मराज शाही पोषणले संविधानले स्थानीय तहलाई दिएको अधिकार क्षेत्रभित्र रहेर हिउँदे अधिवेशन सम्पन्न गरिएको बताए। अहिलेसम्मका कामहरुको सबै क्षेत्रबाट प्रशंसा भएकाले उत्कृष्ट काम गरेर देखाउन सभामा उपस्थित सदस्यहरुलाई नगर प्रमुख शाहीले आग्रह गरे। उनले सभामा उपस्थित सबैलाई सामूहिक रुपमा विकासका काममा सहयोग गर्न समेत आग्रह गरे।

कतिपय कामहरु पूरा भएको र कतिपय विकास निमार्णका कार्यहरु प्रक्रियागत रुपमा रहेको बताउँदै नगरप्रमुख शाहीले स्थानीय समस्या समाधानका लागि सहकार्य समन्वयलाई अझ प्रभावकारी ढंगले अगाडि बढाउने र रास्कोटलाई सुशासनको प्रत्याभूति दिलाउने लक्ष्य रहेको बताए।

नगर उपप्रमुख मनिराज बरालले पालिकाको सेवा प्रवाह सुधार, नागरिक सहभागिता वृद्धि र पारदर्शिता कायम गरिने प्रतिबद्धता जनाए।

नगरपालिकाको सभाहलमा आयोजित उक्त अधिवेशनमा रास्कोट नगरपालिकाका प्रमुख शाही, उपप्रमुख बराल, प्रमुख प्रशासकीय अधिकृत जवानसिंह बम, कार्यपालिका सदस्य, वडाध्यक्ष, नगरस्तरीय कर्मचारीलगायतको उपस्थिति रहेको थियो।

# निर्माण उद्योग ठूलो सकसमा रहेको निर्माण व्यवसायीको निष्कर्ष




**काठमाडौं/मस–**नेपाल निर्माण व्यवसायी महासंघका अध्यक्ष रवि सिंहले निर्माण उद्योग ठूलो सकसमा रहेको बताएका छन्। सिमेण्ट लगायतका निर्माण सामग्रीमा भएको अत्याधिक मूल्यवृद्धि र कालोबजारी, भुक्तानी अभाव, राष्ट्र बैंकबाट प्राप्त सहुलियत खारेजी, रुग्ण ठेक्काको व्यवस्थापन लगायतका विषयमा देशभरका निर्माण व्यवसायीको सुझाव संकलन गर्न आयोजित भेलामा अध्यक्ष सिंहले निर्माण उद्योग एकपछि अर्को समस्यामा पर्दै गएको बताएका हुन्।

'निर्माण व्यवसायीले निर्माण कार्य गरे बापतको विगत आर्थिक वर्षमै भुक्तानी हुनुपर्ने बक्यौता रहेको ठूलो रकम अझै पनि भुक्तानी हुन नसक्दा निर्माण उद्योग मारमा परेको छ' अध्यक्ष सिंहले भने। राज्यबाट निर्माण व्यवसायीलाई यस आर्थिक वर्षमा भएको आंशिक भुक्तानी समेत यस चालू आर्थिक वर्षको विनियोजित बजेटबाट मात्र भुक्तानी भएको हुँदा अब यस वर्ष हुने थप निर्माण कार्यमा भुक्तानीको समस्याले पुनः जटिल रुप लिन सक्ने अध्यक्ष सिंहले बताए।

खस्कँदो अवस्थामा रहेको मुलुकको अर्थतन्त्र उकास्न सबैभन्दा महत्वपूर्ण भूमिका निर्वाह गर्ने निर्माण उद्योगप्रतिको सरकारी उदासीनता र गरिसकिएको कामको भुक्तानी नदिने कार्यका विरुद्ध अब निर्णायक आन्दोलनको विकल्प नभएकाले त्यसैको तयारीका लागि राष्ट्रिय भेला बोलाइएको अध्यक्ष सिंहले बताए। राजनीतिक नेतृत्व तथा कर्मचारीतन्त्रको मनोमानीका कारण नै निर्माण उद्योग समस्याग्रस्त भएको दाबी अध्यक्ष सिंहले गरे। महासंघका सल्लाहकार एवं पूर्व अध्यक्ष रमेश शर्माले विगतमा सरकारसँग उधारो सहमति गरिएकाले पनि अहिले निर्माण उद्योगमा समस्या बढेको दाबी गरे। निर्माण उद्योगका अल्पकालीन तथा दीर्घकालीन समस्या मूल्यांकन गर्दै निकास खोज्नुपर्ने धारणा उनले राखे।

महासंघका सल्लाहकार एवं पूर्व अध्यक्ष सुकुन्तलाल हिराचनले अब सबैखाले निर्माण व्यवसायीहरू एकताबद्ध भएर आन्दोलनमा जानुको विकल्प नरहेको बताए। महासंघका सल्लाहकार एवं पूर्व अध्यक्ष जयराम लामिछानेले सरकारी रवैयाकै कारण मुलुकमा निर्माण व्यवसायीहरूले काम गर्ने वातावरण समाप्त भएको ठोकुवा गरे। महासंघका सल्लाहकार निकोलस पाण्डेले कानूनीबाटोमार्फत् पनि निर्माण उद्योगका धेरै समस्या समाधान गर्न सकिने भएकाले त्यसतर्फ पनि ध्यान दिनुपर्ने धारणा राखे। वरिष्ठ उपाध्यक्ष ईन्जिनियर आङ दोर्जी लामा (ए.डी) ले विगतका सहमति कार्यान्वयनमा राज्य उदासीन रहेको आरोप लगाउँदै लो-बिडिङले पनि निर्माण उद्योगमा धेरै समस्या निम्त्याएको बताए।

भेलामा ९ बुँदे कार्यपत्र पेश गर्दै महासंघका महासचिव रोशन दाहालले सार्वजनिक खरिद नियमावलीको १३ औं संशोधनबाट सिर्जित म्याद थपको समस्या अन्त्य हुनुपर्ने, विभिन्न कारणले रुग्ण रहेका ठेक्काहरू सुविस्ताको आधारमा अन्त्य गर्नुपर्ने, निर्माण व्यवसायीमाथिको प्राकृतिक न्यायको सिद्धान्त विपरित भएको कार्वाही अन्त्य हुनुपर्ने, निर्माण उद्योगको समस्या समाधानका लागि सार्वजनिक खरिद ऐन तथा नियमावली तत्काल पुर्नलेखन गर्नुपर्ने, सरकारसँग विगतमा भएको सम्झौता कार्यान्वयन हुनुपर्ने, निर्माण सम्बन्धी उच्चस्तरीय आयोग गठन हुनुपर्ने माग अघि सारे।

भेलामा आफ्नो भनाइ राख्दै सहभागीले महासंघको नौ बुँदे कार्यपत्रमाथि ऐक्यबद्धता जनाउँदै सबै खाले निर्माण व्यवसायीहरू एकजुट भएर समस्या समाधान तर्फ अघि बढ्नुपर्ने धारणा राखेका छन्। भेलामा प्रस्तुत विचारलाई लिपिवद्ध गरी ९ बुँदे माग कार्यान्वयनका लागि महासंघले छिट्टै चरणबद्ध आन्दोलनको कार्यक्रम सार्वजनिक गर्ने महासंघका नीतिगत उपमहासचिव एवं प्रवक्ता शिवहरि घिमिरेले जानकारी दिए। भेलामा ७ प्रदेश महासंघ, ६४ जिल्ला तथा एसोसिएटका गरी ४ सय भन्दा बढी निर्माण व्यवसायीको सहभागिता थियो।

# महान्यायाधिवक्ता कार्यालयद्वारा ६८ प्रतिशत मुद्दामा सफलता



**काठमाडौं/मस–** महान्यायाधिवक्ता कार्यालयले आर्थिक वर्ष २०८०/८१ मा फैसला भएका मुद्दामध्ये ६८ दशमलव २७ प्रतिशत सफलता हासिल गरेको जनाएको छ । महान्यायाधिवक्ता कार्यालयले आइतबार राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष वार्षिक प्रतिवेदन पेस गरेपछि आयोजना गरेको पत्रकार सम्मेलनमा उक्त जानकारी दिइएको हो ।

'उक्त आवमा सरकारी वकिल कार्यालयहरुबाट कूल ७० हजार दुई सय ८४ जना प्रतिवादीउपर ४५ हजार ९१ मुद्दा अभियोजन गरिएको छ', वार्षिक प्रतिवेदनमा भनिएको छ,'अनुसन्धान सम्पन्न भई रायसहित प्राप्त हुन आएका मुद्दामध्ये सात दशमलव८८ प्रतिशत मुद्दा नचलाउने निर्णय भएको छ, जुन गत आर्थिक वर्षको तुलनामा वृद्धि भएको छ ।'

उक्त आवमा नेपाल सरकारवादी भइ मुद्दा चलाउन गरी निर्णय भएको मुद्दाको संख्या ४४ हजार आठ सय ११ र प्रतिवादी संख्या ६९ हजार छ सय ३५ छ । महान्यायाधिवक्ता कार्यालय र मातहतका कार्यालयहरुसँग ५५ वटा विषयमा कानुनी राय माग भएकामध्ये ४५ वटा विषयमा कानुनी राय सल्लाह उपलब्ध गराइएको जनाइएको छ । अभियोजन प्रक्रियालाई वैज्ञानिक प्रमाणमा आधारित बनाउन र फौजदारी न्याय प्रणालीलाई थप सुदृढ गर्न कार्यालयले विभिन्न नीतिगत सुधार गरेको प्रतिवेदनमा छ ।

महान्यायाधिवक्ता रमेश बडालले नेपालको संविधान र सरकारी वकिलको काम कारवाहीसँग सम्बन्धित कानुनले सरकारी वकिलको कार्यक्षेत्रमा गरेको विस्तार, अपराधको नवीनतम् प्रवृत्ति र प्रविधिले ल्याएको नयाँ कसुरको नियन्त्रण र निवारणका लागि अनुसन्धानकर्ता र अभियोजनकर्ताको क्षमता विकास गर्न आवश्यक रहेको बताए ।

अपराध अनुसन्धान निकाय र सरकारी वकिलबीचमा निरन्तर सहयोग, सहकार्य र समन्वय अपरिहार्य र फौजदारी न्यायको प्रभावकारिताका लागि अदालत तथा न्यायिक निकाय, अभियोजनकर्ता र प्रतिरक्षी कानुन व्यवसायीको संस्था नेपाल बार एशोसिएसनसँग निरन्तर समन्वयको आवश्यकता रहेको बताए ।

'अभियोजन प्रणाली शुद्ध गर्न र प्रभावकारी प्रतिरक्षालगायतका कार्यमा महान्यायाधिवक्ताको कार्यालय सदैव प्रतिबद्ध छ', महान्यायाधिवक्ता बडालले भने, 'सरकारी वकिलको व्यावसायिक उन्मुक्ति स्वतन्त इमानदारिता निष्पक्षता तथा सदाचारजस्ता मान्यताहरुलाई आत्मसात् गर्दै भरोसायुक्त र पीडितमैत्री संगठनका रुपमा सरकारी वकिल कार्यालयहरूलाई अझ सुदृढ गर्न निरन्तर कियाशील छ ।'

नेपालको संविधानको धारा १५९ बमोजिम महान्यायाधिवक्ताले प्रत्येक वर्ष आफूले सम्पादन गरेको कामको वार्षिक प्रतिवेदन तयार गरी राष्ट्रपतिसमक्ष पेस गर्ने व्यवस्था छ ।



# भावपूर्ण श्रद्धाञ्जली

जन्म मितिः वि.स. १९९८ बैशाख ७ गते

स्वर्गारोहणः वि.स. २०८१ पुस १७ गते

**स्व. झंक प्रसाद अधिकारी**

यस संस्थाका कर्मचारी किङ्गस टेक्निकल एण्ड भोकेस्नल ट्रेनिङ्ग सेन्टर प्रा.लि.का जापनिज ल्याङ्वेज इन्स्ट्रक्टर श्रीमती कल्पना अधिकारी दाहालका पूजनीय पिता **झंक प्रसाद अधिकारीको** ८३ वर्षको उमेरमा स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछौं । साथै यस दुःखद् घडीमा शोक सन्तप्त परिवारजनमा धैर्य धारण गर्ने शक्ति प्राप्त होस् भनी ईश्वरसँग प्रार्थना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**प्रेम बहादुर कटेवाल**
(अध्यक्ष)
तथा सम्पूर्ण कर्मचारी परिवार

ब्लू स्काई ईन्टरनेशनल प्रा. लि.
महाराजगंज, काठमाडौं ।

किङ्गस टेक्निकल एण्ड भोकेस्नल ट्रेनिङ्ग सेन्टर प्रा. लि.
चक्रपथ, महाराजगंज, काठमाडौं ।

# सिँचाइ विभागका तत्कालीन इन्जिनियरविरुद्ध ४ करोड बढीको भ्रष्टाचार मुद्दा

**काठमाडौं/मस–** जलस्रोत तथा सिँचाइ विभाग र त्यसअन्तर्गतका विभिन्न कार्यालयहरूमा कार्यरत तत्कालीन इन्जिनियर विष्णुकुमार श्रेष्ठविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भ्रष्टाचार मुद्दा दायर गरेको छ ।

अख्तियारले आइतबार विशेष अदालत काठमाडौंमा ४ करोड ८८ लाख ३० हजार ३ सय २९ रुपैयाँ र चौवन्न पैसा बिगो कायम गरी मुद्दा दायर गरेको हो । अख्तियारले २०४६ मा सरकारी सेवामा प्रवेश गरेका श्रेष्ठले २०७७ सम्म जागिर गर्दा ४ करोड ८८ लाख ३० हजार ३ सय २९ रुपैयाँबराबरको अकुत सम्पत्ति कमाएको जनाएको छ ।

अख्तियारले अन्य आयको स्रोत देखिए पनि ४ करोड ८८ लाख ३० हजार ३ सय २९ रुपैयाँबराबरको आयको स्रोत नदेखिएको भन्दै हदैसम्मको जरिवाना र कैद सजाय माग गरी मुद्दा दायर गरेको हो ।

लामो समय सिंचाइ तथा जल उत्पन्न प्रकोप नियन्त्रणका नाममा निर्माण हुने संरचनाबाट ठेकेदार हरूसँग मितेमतो गरी कमिसन लिइ काठमाडौं ललितपुरलगायत विभिन्न स्थानमा घर घडेरी जग्गाहरू, गाडी खरिद तथा विभिन्न कम्पनीका सेयर तथा कम्पनीमा लगानी गरेको र विभिन्न व्यक्तिहरूको नाममा समेत जग्गा जमिन र चलअचल सम्पत्ति लुकाइ स्रोत नखुलेको गैरकानुनी सम्पत्ति आर्जन गरेको भन्ने उनीविरुद्ध उजुरी परेको थियो । सोही उजुरीका आधारमा अनुसन्धान हुँदा श्रेष्ठले आम्दानी गरेको सम्पत्तिमध्ये ४ लाख ८८ लाख ३० हजार ३२९ रुपैयाँको स्रोत खुलाउन नसकेको अख्तियारले जनाएको छ ।

साथै श्रेष्ठले सार्वजनिक पदमा रहँदा अख्तियारको दुरूपयोग गरी गैरकानुनी रुपमा आर्जन गरेको सम्पत्ति र सोबाट बढे बढाएको सम्पत्ति पत्नी लक्ष्मी कुमारी श्रेष्ठ, बाबु हरि कुमार श्रेष्ठ, आमा इन्द्रकुमारी श्रेष्ठ र छोरा विवेक श्रेष्ठ समेतको नाममा राखेको देखिएको हुँदा उक्त सम्पत्ति समेत जफत गर्ने प्रयोजनका लागि उनीहरूलाई प्रतिवादी बनाइएको अख्तियारका प्रवक्ता नरहरि घिमिरेले जानकारी दिए ।

# 'विश्वासिलो पत्रकारिता अहिलेको आवश्यकता'



**सरु भुसाल/मध्यान्ह**
अर्घाखाँची, २८ पुस

सुदुरपश्चिम प्रदेश प्रमुख नजिर मियाले पत्रकार मुलुक र राष्ट्रको सच्चा पहरेदार भएको बताएका छन् । सन्धिखर्कमा पत्रकारहरुसँग भएको भेटघाट छलफल कार्यक्रममा बोल्दै प्रदेश प्रमुख मियाले मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था ल्याउन नेपालको पत्रकारिता क्षेत्रको उल्लेखनीय भूमिका रहेको बताए ।

गृह जिल्ला अर्घाखाँची आएका प्रदेश प्रमुख मियाले समाजमा सुशासन कायम गर्दै लोकतन्त्रको रक्षा गर्न पत्रकारिता क्षेत्रको महत्वपूर्ण योगदान हुने भएकोले विश्वासिलो पत्रकारिता अहिलेको आवश्यकता भएको उल्लेख गरे ।

प्रदेश प्रमुख मियाले नीति, नेतृत्व र समग्र राज्य व्यवस्थालाई सही मार्गमा डोऱ्याउने, समाजमा भएका सकारात्मक विषय उठान गरी आफ्नो जिम्मेवारी निर्वाह गर्दै समग्र देशको विकास प्रदेश जिल्लाको विकास, सुशासन कायम गर्नका लागि सहि सत्यतथ्यमा रहेर कलम चलाउन पत्रकारलाई अनुरोध गरे ।

मियाले लोकतन्त्र र संघीयतामाथि भइरहेका टिप्पणीको विश्लेषण गर्दै कलमका माध्यमबाट यसको रक्षा एवं प्रवर्द्धनमा सहयोग पुऱ्याउन सुझाव दिए । लोकतन्त्रको विकल्प खोज्ने नभइ यसको अभ्यास र कार्यान्वयनका क्षेत्रमा देखिएका कमीकमजोरी सच्याएर अगाडि बढ्ने गरी पत्रकारले पृष्ठपोषण दिनुपर्ने उनको भनाइ छ ।

पछिल्लो समयमा पत्रकारिता क्षेत्रमा सामाजिक सञ्जाल ठूलो चुनौती बन्दै गएको बताउँदै यसलाई आकर्षण बिश्वासिलो थलो बनाउने गरी अगाडि बढ्नुपर्नेमा जोड दिए । 'अहिले कुनै पार्टीमा छैनौं, तर कांग्रेस-एमाले सरकारले मुलुकलाई स्थायित्व दिएकोले यो सरकार अर्को चुनावसम्म निरन्तर जानेमा शंका गर्ने ठाउँ छैन ।'

## काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति : २०८१/०९/२९**

डडेल्धुरा जिल्लामा रहेका तपसिल बमोजिमका सा.व.उ.स को वन क्षेत्रबाट आ.व. ०७८/०७९ मा उत्पादन भई तपसलिमा उल्लेखित घाटगद्दीमा राखिएको तपसिल बमोजिमको गोलिया काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरीएको छ। ईच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र प्रत्येक लटको छुटाछुट्टै बोलपत्र खरिद गरी २२ औं दिनमा शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धि विस्तृत जानकारीको लागी सम्बन्धित सा.व.उ.स. को कार्यालयमा सम्पर्क राख्न सकिने छ। पूर्ण व्यहोराको सूचना सा.व.उ.स. को कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ।

तपसिल

| सि. नं. | सामुदायिक वनको नाम/ठेगाना | लिलाम बिक्री गरिने वन पैदावार को विवरण | | | |
|---|---|---|---|---|---|
| | | जात | गोलिया थान | परिमाण (क्यू.फिट) | घाटगद्दी स्थान |
| १ | कृष्ण सा.व.उ.स आलिताल ७ | साल | ६४ | ४२९।१९ | कुरमुल्ले |
| २ | झिलमिला चुरे सा.व.उ.स प.न.पा ७ | साल | २४ | २५५।६२५ | धनेखाली |
| ३ | भैरवनाथ चुरे सा.व.उ.स प.न.पा ७ | साल | ७१ | ५८५।६०३ | कालेडाँडा चौतारा |

## Vacancy Announcement

**A leading foreign recruitment agency is seeking the following position urgently.**

Documentation - 1 (Male/Female)
Receptionist - 1 (Male/Female)
Public Relation Officer (PRO) - 2 (Male/Female)

Preferable with job experience in related field of manpower.

SALARY - NEGOTIABLE

LEO INTERNATIONAL HR CONSULTANCY PVT.LTD.
(साविक :Code Recruitment Services Pvt. Ltd.)
Govt. Lic. No.: 1596/079/080
Pipalbot Marg, Mid Baneshwor Height, Kathmandu, Phone : 01-5912843, 5912844, 9816090359, 9808177945, 9802346216 | E-mail : Nepaljobs@leointernationalhrc.com

# कृष्णनगरको नगरसभा सम्पन्न




**शहबाज खान/मध्यान्ह**
कपिलवस्तु, २८ पुस

कृष्णनगर नगरपालिकाको १३औं नगरसभा हिउँदे अधिवेशन 'सुशासन, स्वस्थ, समृद्ध, र खुशी जनताको' नारासहित सम्पन्न भएको छ ।

अधिवेशनमा नगरपालिकाका विभिन्न नियमावली संशोधनका प्रस्तावहरू प्रस्तुत गरिनुका साथै सर्वसम्मतिबाट आर्थिक आम्दानी वृद्धि गर्ने र हालसम्म बाँकी रहेका सबै भुक्तानी गर्नेसम्बन्धी प्रस्तावहरू पास गरिएको प्रवक्ता हरिपाल चतुर्वेदीले जानकारी दिए ।

सभामा न्यायिक समिति थप व्यवस्थित गर्दै इजलास बनाउने, निजी विद्यालयहरूको अनुगमन गरी थप कक्षाको व्यवस्था गर्ने, न्यायिक मुद्दा मामिलाको भुक्तानी छिटो गर्ने, वडाहरूमा सफाइकर्मी भर्ना गर्ने, घोरही खोलामा पुल बनाउन डीपीआर तयार गर्ने र पानी ट्यांकी सञ्चालनका लागि डिपबोरिङ जडान गर्ने लगायतका प्रस्तावहरू पेश गरिएका थिए ।

नगर प्रमुख रजत प्रताप शाहले यी सबै प्रस्तावहरूमाथि छिट्टै निर्णय गरिने प्रतिबद्धता जनाउँदै नगरपालिकालाई व्यवस्थित र नमुना बनाउनेतर्फ सबैले योगदान दिनुपर्ने बताए । उनले नगरपालिकाको शिक्षा, स्वास्थ्य, र कृषि क्षेत्रमा उल्लेखनीय प्रगति भएको र आगामी दिनमा थप सुधारका कार्यक्रम ल्याइने बताए ।

नगरप्रमुख शाहले चिसो मौसमपछि सबै शिक्षकलाई अनिवार्य शिक्षक पोशाकमा विद्यालय आउने व्यवस्थाको सुरुवात गरिने बताए । उनले नगरपालिका विकासका लागि जनताले दिएको विश्वास र सहयोगलाई कुशलतापूर्वक उपयोग गर्ने प्रतिज्ञा गरे । सभामा नगर प्रमुख प्रशासकीय अधिकृत खेमराज देवकोटा, नगर उपप्रमुख आरती देवी चौधरी, सल्लाहकार भरत किशोर चौधरी, १२ वटै वडाका जनप्रतिनिधि, शाखा प्रमुखहरू, र सञ्चारकर्मीहरूको उपस्थिति रहेको थियो ।

## काठ र दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशन मिति २०८१/०९/२९**

प्रभात सामुदायिक वन उपभोक्ता समूह, शिवराज न.पा.-०९, कपिलवस्तुको वन क्षेत्रबाट नियमानुसार आ.व. २०७९/०८० मा संकलन गरी उत्पादन भएका काठ दाउरा सा.व.उ.स.को घाटगडीमा लट बनाई राखिएको खयर, सिसौ र साल जातको गोलिया थान ३१० को ५८५.३८ क्यु.फि. काठ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । रित पुगेका इच्छुक वन पैदावारमा आधारित (काठ/दाउरा) संचालनमा रहेका उद्योगहरुले मात्र यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिनसम्ममा बोलपत्र खरिद गरि २२ औं दिनभित्रमा सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ। पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री प्रभात सामुदायिक वन उपभोक्ता समूह**
**शिवराज न.पा-०९, कपिलवस्तु**

## कुबेतमा रोजगार

कम्पनी: KSK GROUP GENERAL CONTRACTING FOR BUILDINGS — शहर: Kuwait
पूर्व स्वीकृत मिति: २०८१/०९/२८ — चलानी नं.: ६०२३१२६६ — L.T. No.: 317039

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner General | 24 | 6 | स. काममा दक्ष | 100 | ४४,४९९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ माघ ७ गते (20 January 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निशुल्क |

दि हिमालयन एच. आर. प्रा. लि. — श्रम ईजाजत नं.: ९२३२/०७४/०७५
शम्भु मार्ग, ऐरपोर्ट, काठमाडौं फोन.: 01-5924715, 9810149952, 9841222845, 9851013859, 9845826606, 9767272452

## UAE मा रोजगारको अवसर

BERG INDUSTRIES
Company: Berg Industries LLC
पूर्व स्वीकृति मिति: २०८१/०९/२६ — चलानी नं.: ६०२३११९४ — LT No. 316862

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | 6G+Arc Welder | 40 | सम्बन्धित काममा दक्ष | 1500 | ५६,५००।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | | २ वर्ष |
| २. | Fabricator (Vessel) | 25 | | 1700 | ६४,०००।- | | | | | | | |
| ३. | Fabricator/Gas Cutters | 5 | | 1300 | ४९,०००।- | | | | | | | |
| ४. | Grinder | 10 | | 1300 | ४९,०००।- | | | | | | | |
| ५. | Pipe Fabricator/Welder | 30 | | 1700 | ६४,०००।- | | | | | | | |
| ६. | Riggers/Store Keeper | 5 | | 1300 | ४९,०००।- | | | | | | | |
| ७. | Rollingm/C Operator | 3 | | 1800 | ६७,८००।- | | | | | | | |
| ८. | Saw Weldr | 10 | | 1700 | ६४,०००।- | | | | | | | |
| ९. | Steel Structure Fabricators | 22 | | 1700 | ६४,०००।- | | | | | | | |
| १०. | Welder Tig & Arc | 50 | | 1700 | ६४,०००।- | | | | | | | |

**अन्तरवार्ता २०८१ माघ ७ गते (20 Jan., 2025) यस प्रा. लि. को कार्यालय स्वयम्भु, काठमाडौंमा हुनेछ ।**

Liverpool H.R. Solution Pvt. Ltd.
Govt Lic. No.: 1414/074/075
Swoyambhu-15, Kathmandu, Tel.: 01-5382303, 5382300, 9851013724
Email : info@liverpoolhrsolution.com, Web: www.liverpoolhrsolution.com

## बलरा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

बलरा, सर्लाही
मधेश प्रदेश, नेपाल

### करार सेवामा नियुक्तिको लागि दरखास्त पेश गर्ने सम्बन्धी सूचना

सूचना प्रकाशित मिति : २०८१/०९/२९ गते

नेपाल सरकारको संघीय ससर्त अनुदान शिर्षक नं. २६३३२ कार्यक्रम शिर्षक २.७.२२.१२९६० शिर्षक ग्रामिण मलेरिया कार्यकर्ताहरुको तलब भत्ता र आयातित मलेरिया रोक्न गरिने सचेतना अभियान अन्तर्गत बिनियोजित बजेट रकम बाट यस बलरा नगरपालिका वडा नं. ०२ मा मलेरिया रोगीको प्रकोप नियन्त्रण गर्न ग्रामिण मलेरिया कार्यकर्ताको आवश्यकता रहेको तथा अस्पताल तथा प्रसुति केन्द्रहरुमा २४ सै घण्टा प्रसुति सेवा संचालन गर्न, स्थायी जनशक्तिको कमि भएको स्वास्थ्य संस्थामा जनशक्ति ब्यवस्थापन गर्न (करार अ.न.मी. नियुक्ती) बजेट शिर्षक २६३३२ तथा कार्यक्रम शिर्षक नं.२.७.२२.१०९०८ मा बिनियोजित बजेट रहेको साथै क्र.स..३४० तथा संकेत नं.३१०.२१.१.३६४ खर्च शिर्षक नं.२११११ शिर्षकमा एक पालिका एक भेटेरीनरी डाक्टर कार्यक्रम अन्तर्गत तपसिलको पदमा बढीमा २०८२ आसार मसान्त सम्मका लागि करार सेवा अन्तर्गत पदपुर्ति गर्नुपर्ने भएकोले तपसिलमा योग्यता भएका नेपाली नागरिकहरुबाट करारमा उल्लेख भए अनुसारको सेवा सुविधा पाउने गरी सम्भाब्य उम्मेदवारहरुले बलरा न.पा.पदपुर्ति समितिबाट निर्धारित दरखास्त फारममा उल्लेखित बिबरण खुलाई रितपुर्वक यो सूचना प्रकाशन भएको मितिले १५(पन्ध्र) दिन भित्र तोकिएको दस्तुर बुझाई दरखास्त पेश गर्नहुनका लागि यो सूचना प्रकाशित गरीएको छ।

**तपसिल**

| वि.नं. | पद | माग पद संख्या | परीक्षा दस्तुर | परीक्षाको किसिम | न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|
| ०१/०८१/०८२ | ग्रामिण मललेरिया कार्यकर्ता | १ | ५००/- | लिखित तथा अर्न्तवार्ता | मान्यता प्राप्त शिक्षण संस्थाबाट ल्याब असिस्टेन्ट (Lab Assistant) तह उतिर्ण भई नेपाल स्वास्थ्य ब्यवसायी परिषदमा दर्ता भएको |
| ०२/०८१/०८२ | अ.न.मी. | १ | ५००/- | लिखित तथा अर्न्तवार्ता | मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.न.मी. (ANM) तह उतिर्ण भई नेपाल नर्सिङ्ग काउन्सिलमा दर्ता भएको |
| ०३/०८१/०८२ | भेटेरीनरी डाक्टर | १ | १०००/- | लिखित तथा अर्न्तवार्ता | मान्यता प्राप्त शिक्षण संस्थाबाट भेटेरीनरी डाक्टर. (BVSC) तह उतिर्ण भई नेपाल पशु चिकित्सा परिषदमा दर्ता भएको |

**दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरु :**

- नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि।
- न्यूनतम शैक्षिक योग्यताको प्रमाण पत्र प्रतिलिपि तथा सो भन्दामाथिको शैक्षिक योग्यताको प्रमाणपत्र को प्रतिलिपि।
- सम्बन्धीत पेशागत व्यवसायिक परिषदमा दर्ता भई नविकरण सहितको दर्ता प्रमाण पत्रको प्रतिलिपि।
- दरखास्त दस्तुर बुझाएको सक्कल रसिद।

**अनुभव र शीप :**

- उमेर : कम्तीमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको।
- अ.न.मी. को हकमा SBA तालिम प्राप्त गरेकाहरुलाई ग्राहयता दिइने छ।

**परीक्षा मिति समय र स्थान** : सम्पर्क मितिमा जानकारी गराइनेछ।
**सम्पर्क मिति** : सूचना प्रकाशन भएको १६औं दिन, बलरा न.पा.कार्यालय।

**प्रमुख प्रशासकीय अधिकृत**

## सम्पादकीय

# नियतमाथि आशंका

४ महिनादेखि संसद् बैठक बस्न सकेको छैन । ३१ भदौमा वर्षे अधिवेशन अन्त्य गरेको सरकारले पुस अन्तिम साता हुँदै गर्दा पनि हिउँदे अधिवेशन बोलाएको छैन । सरकारले संसद् अधिवेशन बिजनेस नपाएकै आधारमा नबोलाएको भने होइन । संसद्मा २० भन्दा बढी विधेयक विचाराधीन अवस्थामा छन् भने थुप्रै नयाँ राष्ट्रिय मुद्दामा छलफलको पनि खाँचो देखिन्छ । तर, अधिवेशन बोलाउन आलटाल गरेको सरकारले एकपछि अर्को गरी अध्यादेश भने जारी गरिरहेको छ । १४ पुसमा सहकारी ऐन संशोधन गर्न सहकारीसम्बन्धी अध्यादेश जारी गरेको सरकारले थप ३ वटा अध्यादेश ल्याउन राष्ट्रपति समक्ष सिफारिस गरेको छ । विपक्षीले संसद् अधिवेशन बोलाउन माग गरेको विषयलाई बेवास्ता गरेको सरकारले नेपाल ऐन संशोधन अध्यादेश, भूमिसम्बन्धी कानुन संशोधन गर्न बनेको अध्यादेश र लगानीसम्बन्धी कानुन संशोधन गर्न बनेको अध्यादेश जारी गर्न राष्ट्रपति समक्ष सिफारिस गरेको हो । शुक्रबार बसेको मन्त्रिपरिषद् बैठकले अध्यादेश जारी गर्न सिफारिस गरेको थियो । सरकारले अध्यादेश सिफारिसलाई 'फास्ट ट्र्याक'बाट कानुन संशोधनको बाटो भएको तर्क पेस गरेको छ ।

सरकारले 'फास्ट ट्र्याक'को बाटो खोज्दा विपक्षीहरू विरोधमा छन् भने सत्ता पक्षभित्रै (नेपाली कांग्रेस)बाट पनि प्रश्न उठाउन थालिएको छ । विशेषगरी विपक्षी दलहरूले दल विभाजनलगायत अन्य अध्यादेशहरू पनि क्रमशः ल्याउन सक्ने आशंका जनाइरहँदा सत्ता पक्षभित्रैबाट भने विधि उल्लंघनको कुरा गरिएको छ । सरकारको कदमलाई विपक्षीले निरंकुशतातर्फको अभ्यासको रूपमा अर्थ्याएका छन्, जसलाई सत्ता पक्षकै आलोचकले पनि लोकतन्त्रको नसुहाउने कदमको रूपमा टिप्पणी गरेका छन् ।

संसद्मा यसै पनि सत्ता पक्षसँग सहज बहुमत (१६६ सिट)को अवस्था छ । अन्य सहयोगी दलको मतलाई लिँदा झण्डै दुई तिहाइको आसपासमा मत पुग्छ । तर, यस्तोमा सरकारले संसद् अधिवेशनलाई भने प्राथमिकतामा नपार्नु आफैंमा आशंकापूर्ण देखिन्छ । अहिले जारी भएको र सिफारिस गरिएका अध्यादेशहरू करिब सर्वसम्मतिबाट पारित हुने प्रकृतिका छन् । कुनै पनि अध्यादेशको अन्तर वस्तुमा न विपक्षीले असहमति जनाएका छन्, न त सत्ता पक्षकै आलोचकले । तर, सरकार किन सजिलो बाटो छाडेर, असहज र प्रश्न उठाउने बाटोतर्फ उन्मुख छ ? आमरूपमा उठेको प्रश्न यो हो । सरकारको भूमिकालाई हेर्दा, प्रथम दृष्टिमै त खोट होइन ? भन्ने आधार छ । सरकारले प्रचलित र विधिसम्मत् अभ्यासलाई स्वीकार गरोस् अनि सहज र पाच्य बाटोलाई अबलम्बन गरोस् । आमले सरकारबाट आशंका होइन, समाधान खोजेका छन् । झण्डै दुई तिहाइ मतको सम्मान आवश्यक छ ।

## सामाजिक सञ्जाल


हरि रोका

गठबन्धन सरकार बनाउँदा दुई तिहाइ पुऱ्याएर संविधान संशोधन गर्ने बाचा गरेका २ दलले संसद् बेलाउनुको साटो जस्केलाबाट ३ अध्यादेश ल्याएछन् । किस्तीमा हालेर प्रजातन्त्र बुझाउने र छँदाखाँदाको बहुमत मासेर संसद् विघटन गर्ने नजिर भएका नेताको इरादा निको देखिँदैन । संसद्को अवमूल्यन हुन नदिऔं ।


सूर्यराज आचार्य

दलीय राजनीतिमा समर्थन-विरोध, आग्रह-पूर्वाग्रह र प्रतिशोधसमेत अप्रिय लाग्ने भए पनि स्वाभाविक हुन्छ । तर, लोकतान्त्रिक राज्य प्रणाली भने दलीय-गैरदलीय सबै नागरिकप्रति समान हुनुपर्छ । राज्य संयन्त्रलाई हतियार बनाएर गरिने प्रतिशोधको राजनीति अक्सर प्रत्युत्पादक हुन्छ ।


बुजल पोखरेल

बैंकको ऋण उठेन भन्दै गभर्नर सा'प रोइलो गर्दै हुनुहुन्छ । त्यो ऋण नउठ्नुमा मुख्य जिम्मेवार पनि हजुर गभर्नर नै हो भन्दा लाज लागेको छ मलाई । तपाईंको अकर्मण्यताको परिणाम आज सिंगो देशले भोगिरहेको छ । अकर्मण्यता अनि गैरजिम्मेवारीका चाङ थुप्रै छन् ।


निर्मल प्रसाईं

यती, ओम्नी र गिरी बन्धु प्रकरण छानबिन गर्न संसदीय समिति गठन हुनुपर्छ, एउटा पार्टी । शेरा दरबार प्रकरणबाट आत्तिन्छ, अर्को पार्टी । सहकारी ठगीको नाम सुन्नेबित्तिकै डराउँछ, नयाँ पार्टी । अनि, सर्वदलीय बैठक बसेर मेलमिलाप अध्यादेश आउँछ, जनता जिल्ल, देश निरीह ।

# 'भ्यु टावर नीति'ले उठाएका प्रश्न

*सत्तामा बस्नेहरू कसरी सत्तामा बसिरहने भन्ने चिन्तामा छन् भने सत्ताबाहिर पुगेका कसरी सत्तामा पुग्ने भन्ने चिन्तामा देखिन्छन् । सत्ताको खेलमा नेतृत्वले जनताका एजेन्डा बिर्सिएका छन्*

अग्रलेख


● नरेन्द्रमान श्रेष्ठ

देशमा दशकौंको इतिहास बोकेका राजनीतिक दलहरूले पनि आमनागरिकको प्राथमिक आवश्यकता के हो भन्नेसम्मको हेक्का राखेका पाइन्नँ । यो नेपाली नागरिकहरूका लागि विडम्बनाको विषय हो भन्दा पनि फरक नपर्ला ।

देशका आमनागरिकको प्राथमिक आवश्यकता के हो भन्नेसम्म थाहा नहुनेहरूले सरकार चलाउँदा नै आज अवस्था भद्रगोल छ । न उनीहरूले आमनागरिकको गाँसको विषयलाई ध्यान राख्न सकेका छन्, न त बासको विषयलाई । जनताको स्वास्थ्य, शिक्षा र रोजगारीको विषयमा सरकारलाई कुनै सरोकार छैन ।

आज सक्नेले उपचार गर्ने, नसक्ने मर्ने अवस्था छ । रोजगारीलगायतका विषय राज्यको एजेन्डाभित्र नै पर्दैनन् भन्ने बुझाइ नै एकरूपमा स्थापित गर्न खोजिएको छ ।

जनताको आवश्यकताका विषयमा बेसरोकार बनेको सरकारको प्राथमिकतामा भने भ्यु टावर, धरहरा, केबलकार जस्ता विषय परेका छन् । पुराना त पुराना भइहाले, नयाँ र वैकल्पिक राजनीतिक दल भन्नेहरू पनि पुरानाहरूको नै पद चिन्हमा दौडिरहेका छन् भन्दा पनि फरक नपर्ला । पछिल्लो समय उत्पादन क्षेत्रमा लगानी गर्ने भन्दा पनि अनुत्पादक क्षेत्रमा लगानी गर्ने होड सरकारबाटै चलाइएको छ ।

नेकपा एमालेका अध्यक्ष एवं प्रधानमन्त्री केपी शर्मा ओलीले आफ्नो गृह जिल्ला झापाको दमकमा भव्य कार्यक्रम आयोजना गरी भ्यु टावरको उद्घाटन गरे । उद्घाटन समारोहलाई हेर्दा अब दमकमा व्यापक चहलपहल हुने अनुमान आमको थियो । तर, भ्यु टावर उद्घाटनको दिनदेखि भ्यु टावर आसपास सुनसान छ । कताकता भ्यु टावरले स्वयं प्रधानमन्त्री ओलीलाई गिज्याइरहेको लाग्दै छ ।

यद्यपि, प्रधानमन्त्री ओलीले भने भ्यु टावर निर्माण गरेकामा कहीँ कतै लज्जित अनुभूति गरिरहेका छैनन् । उनले उक्त विषयलाई निकै गर्वको रूपमा प्रचार गरिरहेका छन् ।

यता, काठमाडौंको सुन्धारामा पनि 'धरहरा' भनेर निर्माण गरेको 'सेतो टावर'को अवस्था उस्तै छ । राज्यको अर्बौं लगानी भएको सेतो टावर कसरी चलाउने भन्ने चिन्ता पैदा भएको छ । झापाको भ्यु टावर होस् वा काठमाडौंको भ्यु टावर निर्माणमा ठूलो लगानी छ । यद्यपि, यो होइन कि यस्ता टावर २ ठाउँमा मात्र छन् । यस्ता टावर अहिले देशैभर छन् । झन्डै पछिल्लो १ दशकको बीचमा सरकारले यस्ता टावर देशैभर बनाएको छ, जसमा अर्बौं खर्च भएको छ तर त्यसले प्रतिफल भने दिन सकिरहेको छैन ।

सरकारले यसरी भ्यु टावरको नाममा लगानी बढाइरहँदा निजी क्षेत्रका लगानी पनि करिब यसैगरी अनुत्पादक क्षेत्रमा वृद्धि भइरहेको छ । सरकार भ्यु टावरको खेतीमा लागिरहँदा निजी क्षेत्र पनि यी र यस्तै परियोजनामा केन्द्रित भएको छ ।

अहिले निजी क्षेत्रले देशैभर केवलकारको बाढी ल्याएको छ । डाँडा र मन्दिर देख्यो कि केबलकार बनाइहाल्ने अवस्था छ । रोचक, त्यसमा सुरुमा लगानी निश्चित व्यक्तिको देखिए पनि पछि जनताको लगानी गराइएको छ । जहाँ जनताबाट आईपीओमार्फत लगानी भित्र्याउने गरिएको पाइन्छ । तर, यस्ता केबलकार कति र कहिलेसम्म चल्लान् ? प्रश्न उठेको छ ।

अहिले काठमाडौंको चन्द्रागिरिसहित देशैभर २ दर्जनको हाराहारी केबलकार बन्दै छन् । कहीँ तयार भइसकेका छन् त कहीँ तयार हुँदै छन् ।



तर, विडम्बना ! सबै परियोजना बिनाव्यावसायिक योजना तयार भइरहेका छन्, जसले मुलुकलाई कता लैजान्छन् ? भन्ने प्रश्न उठिरहेको छ ।

एकातिर देश युवाविहीन हुँदै गइरहेको छ भने अर्कातिर विशेषगरी गाउँहरू रित्तिन थालेका छन्, जसको प्रभाव उत्पादन हुने जग्गाहरू बाँझिन थालेका छन् । यसले उत्पादन प्रणाली र उत्पादन सम्बन्धमा नै ठूलो फेरबदल ल्याएको छ, जसले हाम्रो अर्थतन्त्रको मोडालिटीमा पनि निकै प्रभाव जमाएको छ ।

यसप्रति न कुनै दललाई चासो छ, न त कुनै सरकारलाई । सरकार एकातिर युवालाई विदेश जान प्रोत्साहन गरिरहेको छ भने अर्कातिर गाउँ छाडेर सुगम रोज्न प्रोत्साहन गरिरहेको छ । यो आरोप होइन, सरकारको अवधारणालाई केलाउँदा प्रस्ट हुन सकिने विषय हो ।

अहिले सरकारकै नीतिका कारण पर्यटन उद्योगमा पनि ठूलो समस्या परिरहेको छ । सरकारले युवालाई गाउँ छाड्न प्रोत्साहन गरिरहँदा गाउँसँग जोडिएको पर्यटन हराउने अवस्था बनेको छ । विगतमा जसरी गाउँतर्फ आकर्षित हुँदै विदेशी पर्यटक आउने अवस्था थियो, त्यो क्रमशः हराएको छ ।

यसले गाउँको अर्थतन्त्रलाई नराम्रोसँग प्रभावित बनाएको छ । जसरी विगतमा गाउँमै युवाहरू स्वरोजगार हुन्थे, आजभोलि त्यसको संरचना बदलिँदा युवाहरू पनि विस्थापित हुने अवस्था बनेको छ ।

अर्कातर्फ, हाम्रो शिक्षा पनि व्यावहारिक छैन । व्यावहारिक शिक्षा लिन खोज्ने विद्यार्थीलाई सरकारले विदेश जान प्रोत्साहन गरिरहेको छ । अहिले व्यापार घाटाको ठूलो हिस्सा वैदेशिक शिक्षा क्षेत्र बनिरहेको छ । आज

*जनताको आवश्यकताका विषयमा बेसरोकार बनेको सरकारको प्राथमिकतामा भने भ्यु टावर, धरहरा, केबलकार जस्ता विषय परेका छन् । उत्पादनमूलक क्षेत्रमा लगानी गर्ने भन्दा पनि अनुत्पादक क्षेत्रमा लगानी गर्ने होड सरकारले नीतिगत रूपमै चलाएको छ, जसको प्रभाव निजी क्षेत्र पनि उत्पादनमूलकभन्दा अनुत्पादक क्षेत्रमा प्रोत्साहित देखिन्छ*

प्लस टु नसक्दै युवाहरू कसरी विदेश जाने भन्नेमा नै छन् । यसले हाम्रो शिक्षा क्षेत्र क्रमशः धराशायी बन्दै गइरहेको देखाउँछ ।

यद्यपि, उल्लेखित अवस्थाप्रति न राजनीतिक दलहरूलाई चिन्ता छ, न त नेताहरूलाई । जिम्मेवारी लिएको सरकारको अवस्था पनि लाजलाग्दो छ । सत्तामा बस्नेहरू कसरी सत्तामा बसिरहने भन्ने चिन्तामा छन् भने सत्ताबाहिर पुगेका कसरी सत्तामा पुग्ने भन्ने चिन्तामा देखिन्छन् ।

